हिमालयन हाईड्रोपावर लिमिटेड

भावना मार्ग,वडा नं.१०, बुद्धनगर, काठमाण्डौं, नेपाल । फोन नं. : ०१-४७९६६४१
इमेलः himalayanhydro2021@gmail.com वेभसाइटः www.hhpl.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

प्रति कित्ता अंकित मूल्य रु.१००/- दरको ९,००,००० कित्ता साधारण शेयर कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएकोमा २,८१,७५० कित्ता शेयर मात्र बाँडफाँट भई ६,१८,२५० कित्ता शेयर बाँकी रहेकोले सर्वसाधारणमा निष्काशन गरिने १३,५०,००० कित्ता शेयरमा उक्त ६,१८,२५० कित्ता शेयर थप गरी जम्मा १९,६८,२५० कित्ता शेयर मध्ये ५% अर्थात ९८,४१३ कित्ता शेयर सामुहिक लगानी कोषहरुमा बाँटफाँट गरिएको र २% अर्थात ३९,३६५ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्याई बाँकी १८,३०,४७२ कित्ता शेयर सर्वसाधारणका लागि निष्कासन गरिएको छ ।

दरखास्त दिनु पर्ने न्यूनतम् कित्ता : १० शेयर
दरखास्त दिन पाउने अधिकतम् कित्ता : १,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपालधितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] B+ (pronounced ICRA NP Issuer Rating B Plus)" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] B+1" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (High risk of default regardibg timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले ICRANP-IR AAA देखि ICRANP-IR D सम्मको रेटिङ्ग प्रदानगर्दछ । जसमा रेटिङ्ग "ICRANP-IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ । यस कम्पनीलाई इस्युर रेटिङ्ग प्रदान गरेको मिति २०७८/१२/१७ (तदनुसार मार्च ३१, २०२२) र बहाल रहने अवधि २०७९/१२/१४ (तदनुसार मार्च २८, २०२३) रहेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०१/०४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०१/१४ ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

विवरण	वास्तविक			अपरिष्कृत *२०७८ चैत्र मसान्त	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८		आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
प्रतिशेयर आम्दानी (EPS)	(१.७३)	(१.०२)	(१५.१२)	(८.३७)	४.२३	६.२९	७.५७
प्रतिशेयर नेटवर्थ (रु.)	८६.६२	८८.९८	७६.३३	६७.९६	८७.३०	९३.५९	१०१.१६
खुद नाफा/(नोक्सानी) रु. हजारमा	(८,७२३)	(६,८८०)	(१,३१,५४४)	(७२,८०५)	४६,२८१	६८,९२७	८२,८४४

नोटः *व्यवस्थापन तथा लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणको आधारमा ।

आयोजनाबाट प्रभावित क्षेत्र कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. १ (साविक पार्चे गा.वि.स.का सम्पूर्ण वडाहरु), मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स.का सम्पूर्ण वडाहरु), मादी गाउँपालिका वडा नं. ३ र ४ (साविक थुमाकोडाँडा गा.वि.स.का सम्पूर्ण वडाहरु) र मादी गाउँपालिका वडा नं. ६ र ७ (साविक सिल्दुजुरे गा.वि.स.का सम्पूर्ण वडाहरु) का स्थानीय बासिन्दाहरुले यस निष्कासनमा आवेदन दिएमा शेयरधनीहरुको आवेदन स्वतः रद्द हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति :	**२०७९/०३/१५ गतेदेखि**
निष्काशन बन्द हुने मिति (छिटोमा) :	**२०७९/०३/१९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म**
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	**२०७९/०३/२९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म**

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण :
कम्पनीको निर्माण अवधिको कूल ब्याज (IDC-Interest During Construction) सहित प्रति मेगावाट लागत रु.२२,०३,००,२४६/- (अक्षरेपी बाइस करोड तिन लाख दुईसय छ्यालिस मात्र रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :
विद्युत उत्पादन अनुमति बहाल रहने अवधि मिति २०७९/०१/१० देखि मिति २१०४/०९/१० सम्म जम्मा २५ वर्ष ८ महिना रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :
साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.९४ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि Discounted Pay Back Period) १७.०७ वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कूल लागत :
आयोजनाको निर्माण कार्य मिति २०७७/०६/१२ गते सम्पन्न भएको र जलविद्युत आयोजनाको कूल लागत रु.२,६४,३६,०२,९४८/- (अक्षरेपी दुई अर्ब चौंसठ्ठी करोड छतिस लाख दुई हजार नौंसय अठचालिस मात्र) रहेको छ ।

लगानीकर्तांले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

१. कम्पनीको नाम : हिमालयन हाईड्रोपावर लिमिटेड (Himalayan Hydropower Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला महानगरपालिका वडा नं.१०, बुद्धनगर, काठमाडौंमा रहेकोछ । सम्बन्धित निकायबाट आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र शाखा कार्यालयहरु खोल्न सकिनेछ ।

४. कारोवार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स. वडा नं. २) मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. हिमालयन हाईड्रोपावर लिमिटेडले प्रचलित कानून बमोजिम मिति २०६६ साल मंसिर २२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई मिति २०७४ साल वैशाख २८ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार सञ्चालन गर्दै आईरहेको छ ।

२. हाल यस कम्पनीमा ६८३ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिकक्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, कर्मचारी र सर्वसाधारणहरु) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७९.४५% शेयर संस्थापक शेयरधनी तथा २०.५५% सर्वसाधारणहरुमध्ये ८.२२% प्रतिशत आयोजना प्रभावित क्षेत्र कास्की जिल्लाका आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र १२.३३% सर्वसाधारणहरु (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोछ ।

४. यस कम्पनीले कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (तत्कालिन नामार्जुन गा.वि.स. वडा नं. २) स्थित नामार्जुन मादी जलविद्युत आयोजनाबाट ११.८८ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७५/०९/२३ गते प्राप्त गरेको हो ।

५. कम्पनी र प्राधिकरण बीच मिति २०६६/०५/३० मा नामार्जुन मादी जलविद्युत आयोजना ११.८८ मे.वा. को खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन शुरु गर्नुपर्ने (RCOD) मिति २०७१ श्रावण १ गते रहेको थियो । यसको पहिलो संशोधन मिति २०७३/०८/१६ गते सम्पन्न भई RCOD मिति २०७१ माघ १ गते कायम भएको छ । जसमा नेपाल विद्युत प्राधिकरणबाट ६१३ दिन काबु बाहिर परिस्थिति भएकोले घटाईएको छ ।

६. यस नामार्जुन मादी जलविद्युत आयोजना निर्माण सम्पन्न भईसक्दा आयोजनाको कूल लागत रु.२,६४,३६,०२,९४८/- (अक्षरेपी दुई अर्ब चौंसठ्ठी करोड छतिस लाख दुई हजार नौसय अठचालिस मात्र) रहेको छ र जसमा प्रति मेगावाट लागत रु.२२,०३,००,२४६/- (अक्षरेपी बाइस करोड तिन लाख दुईसय छ्यालिस मात्र) रहेको छ । साथै लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.९४ वर्ष र Discounted Pay Back Period १७.०७ वर्ष रहेको छ ।

७. कम्पनीले निर्माण गरेको नामार्जुन मादी जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल भाद्र ३० गते
विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । विद्युत खरिद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरु गरेको मिति देखि ३० वर्ष कायम रहनेछ ।

८. आयोजनाको संक्षिप्तप्राविधिकविवरणहरु निम्नानुसार रहेको छ :

आयोजना स्थल : कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. २ (साविक नामार्जुन गा.वि.स. वडा नं. २)
प्रसारण लाईन : लेखनाथ सवस्टेसन
श्रोत नदी : मादी नदी
आयोजनाको किसिम : रन अफ दि रिभर
डिजाइन डिस्चार्ज : २३.७५ घनमीटर प्रति सेकेण्ड
उत्पादन हुने इनर्जी : ६,६३,४२,५७५ किलोवाट घण्टा विद्युतशक्ति
आयोजनाको उत्पादनक्षमता : ११.८८ मेगावाट
ग्रस हेड : ६३.० मिटर
डाइभर्सन बाँध : लम्बाई ४४ मिटर, नदीको धरातलबाट ७ मिटर उचाईमा
सेटलिङ वेसिन : ११० मिटर लम्बाई x ११० मिटर चौडाई x ९.५ मिटर उचाई
पेनस्टक : लम्बाई १४४ मिटर, व्यास २.९ मिटर १२ देखि १८ मि.मि. मोटाइ भएको स्टील पेनस्टक पाइप, स्टील पेनस्टक पाइपको बेसप्लेट ६८ मि.मि. मोटाइ
पावरहाउस : लम्बाई २७.३ मिटर, चौडाई २२ मिटर, उचाई १३.३ मिटर
टर्वाइन : ६,२५० किलोवाट क्षमताका २ वटा पेलटन टर्वाइन
जेनेरेटर : ६,००० किलोवाट क्षमताका २ वटा जेनेरेटर
टेलरेस : .४ मिटर × .१८ मिटर साइजको ८५ मिटर लामो
विद्युत उत्पादन शुरु भएको मिति (COD) : २०७७/०६/१२
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७५/०९/२३
विद्युत उत्पादन अनुमति बहाल रहने मितिः २१०४/०९/१०

आयोजनाको कूल लागत	रु. २,६४,३६,०२,९४८/-
आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत	रु.२२,०३,००,२४६/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project)	९.९४ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project)	१७.०७ वर्ष
Net Present Value (NPV) (Project)	रु.४२,७४,४६,८३७/-
Internal Rate of Return (IRR)(Project)	१०.०६%
Internal Rate of Return (IRR)(Equity)	१९.११%

NPV तथा IRR गणना गर्दा नगद प्रभाव विधि (Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रभावलाई ८% दरले Discount गरिएको छ । साथै, यस सम्बन्धी वृस्तित विवरण वित्तीय प्रक्षेपण सँगै रहेको छ ।

आयोजनामा मिति २०७८ जेष्ठ ३१ गते आएको बाढी सम्बन्धी विवरण :

बाढीको कारणबाट आयोजनाको विद्युत उत्पादन बन्द भएको मिति : २०७८।०२।३१
बाढी पछि मर्मत भई आयोजनाबाट विद्युत उत्पादन पुनः शुचारु भएको मिति : २०७८।११।१६

बाढीबाट आयोजनामा पुऱ्याएको क्षतिको अनुमानित मुल्यांकन सम्बन्धी विवरण :

सि.नं.	विवरण	रकम
१.	Civil Works	रु.२५ करोड
२.	EM Works	रु.२७ करोड ५० लाख
३.	HM Works	रु.७८ लाख
४.	Transmission Line Works	रु.३० लाख

बाढीबाट आयोजनाको सम्पत्ति तथा संरचनाको क्षति भएकोमा सो को बीमा र दाबी सम्बन्धी रकमको विवरण :

यस कम्पनीले एनएलजी इन्स्योरेन्स कम्पनी लि. सँग सम्पति बीमा रु.१ अर्ब ९३ करोड ४० लाख ५४ हजार, मेशिनरी ब्रेकडाउन बीमा रु.३५ करोड ८८ लाख ५१ हजार र Loss of Profit Insurance : रु.२९ करोड ६८ लाख १९ हजार १ सय ५७ बीमा गरिएकोमा मिति २०७८ जेष्ठ ३१ गते आएको बाढीबाट आयोजनाको सम्पत्ति तथा संरचनाको क्षतिका लागि उक्त इन्स्योरेन्ससँग मिति २०७८।०४।१७ मा देहाय बमोजिम बीमा दावी गरेको

सि.नं.	विवरण	रकम
१.	सम्पति बीमा (Civil Works, HM Works & Transmission Line Works)	रु.२६ करोड ८ लाख
२.	मेशिनरी ब्रेकडाउन बीमा (EM Works)	रु.२७ करोड ५० लाख
३.	Loss of Profit Insurance	रु.१८ करोड ५३ लाख

नोटः १. एनएलजी इन्स्योरेन्स कम्पनी लि.लाई मिति २०७८।०४।१७ मा बीमा दावी गरिएकोमा मिति २०७८/०६/०१ मा रु.३ करोड ५० लाख, मिति २०७८/०९/०५ मा रु.२ करोड, मिति २०७८/०९/१९ मा रु.१ करोड, मिति २०७८/१२/११ मा रु.३ करोड तथा मिति २०७८/१२/१६ मा रु.६ करोड ८५ लाख ३२ हजार ५ सय १ गरी जम्मा रु.१६ करोड ३५ लाख ३२ हजार ५ सय १ प्राप्त भईसकेको छ ।
२. Loss of Profit सम्बन्धमा पछिल्लो समयमा इन्स्योरेन्स कम्पनीले माग गरेको आवश्यक कागजात दिई सकिएको र इन्स्योरेन्स कम्पनीको सर्भेयरबाट पनि आवश्यक परिक्षण गरी पठाई सकेको भन्ने जानकारी आएकोले बाँकी रकम पनि छिटै नै प्राप्त हुने अनुमान गरिएको छ ।
३. अन्य बिमा वापतको रकम कार्य सम्पादन भए पश्चात् बिल भरपाई अनुसार हिसाब मिलान गर्ने क्रममा उक्त बीमा कम्पनीबाट यस कम्पनीलाई उपलब्ध गराउने ।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. कम्पनीले PPA मा निर्धारण गरिए अनुसार नै विद्युत उत्पादन गर्ने प्रक्षेपण गरिएको छ ।
२. विद्युतको बिक्री मुल्य निम्न बमोजिम हुनेछ ।

समयावधि	सुख्खायाम (रु.)	बर्षा याम (रु.)
COD to १२ महिना	७।००	४।००
१३ महिना देखि २४ महिना	७।२१	४।१२
२५ महिना देखि ३६ महिना	७।४२	४।२४
३७ महिना देखि ४८ महिना	७।६३	४।३६
४९ महिना देखि ६० महिना	७।८४	४।४८
६१ महिना देखि ७२ महिना	८।०५	४।६०
७३ महिना देखि ८४ महिना	८।२६	४।७२
८५ महिना देखि ९६ महिना	८।४७	४।८४
९६ महिना देखि १०८ महिना	८।६८	४।९६
१०९ महिना देखि बाँकी समयसम्म	८।८९	५।०८

३. प्रत्यक्ष खर्च (रोयल्टी बाहेक) प्रतिवर्ष ५% का दरले बढ्ने प्रक्षेपण गरिएको छ ।
४. प्रशासनिक खर्च (बोनस र अपलेखन खर्च बाहेक) आ.व २०७८/०७९ देखि प्रति वर्ष ५% का दरले बढ्नेछ । विद्युत नियमावली, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्नुपर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।
५. सहवित्तीयकरण कर्जा अन्तर्गत लिइएको ऋणको बर्षे पिच्छे साँवा व्याज भुक्तानी गर्दै जाँदा दिर्घकालिन ऋण दीयत्व कम हुँदै जाने प्रक्षेपण गरिएको छ र ऋणको व्याजदर ७.२६ प्रतिशत राखि गणना गरिएको छ ।
६. आ.व.२०७८/०७९ मा कम्पनीले प्रति कित्ता अंकित मुल्य रु.१००/- को दरमा २२,५०,००० कित्ताको प्रारम्भिक सार्वजानिक निष्काशन गर्दा रु.२२ करोड ५० लाख प्राप्त हुने र बैंकबाट लिइएको ऋण तथा अन्य तिर्न बाँकी भुक्तानीहरु तिर्नेछ ।
७. नेपाल विद्युत प्राधिकरणबाट विद्युत बिक्री बापतको रकम बिल बुझाएको मितिदेखि ४५ दिनभित्र भुक्तानी पाउने निश्चित रहको छ ।
८. कम्पनीले मौज्दात रेकर्ड नराख्ने तर उपभोग हुने र अन्य सामानहरु खरिद भएकै मितिमा खर्च लेखिनेछ ।
९. विद्युतको व्यापारिक उत्पादन भएको १५ वर्ष पछि नेपाल सरकारलाई दिने रोयल्टी वृद्धि हुनेछ ।
१०. आ.व. २०७८/०७९ मा सार्वजनिक निष्काशन गर्दा लाग्ने खर्च रु.१ करोड अनुमान गरिएको छ ।
११. NPV / Discounted Payback Period गणना गर्दा डिस्काउन्टेड दर ८ प्रतिशत राखिएको छ ।
१२. मादी नदीमा आएको बाढीले पावरहाउसमा क्षति पुऱ्याएको कारणले विद्युत उत्पादन बन्द भई आम्दानी नभएको तर सोको एनएलजी इन्सुरेन्स कम्पनी लि.सँग बीमा गरिएकोले आषाढ देखि मंसिरसम्म प्राप्त
हुने Revenue मा असर नपर्ने अनुमान गरिएको छ । २०७८ फागुन १६ मा विद्युत उत्पादन भएको हुँदा बाँकी अवधीको आयलाई नोक्सानीमा गणना गरिएको छ ।
१३. कम्पनीले आ.व. २०७४/०७५ देखि लेखानीति परिवर्तन गरी Nepal Finalcial Reporting Standard अवलम्बन अवलम्बन गरिएको छ ।

संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बूँदाहरु निम्न बमोजिम रहेका छन् :

क. विद्युत खरिद-बिक्री सम्बन्धी सम्झौता (PPA) अनुसार विद्युत खरिद मूल्य दर वर्षायामका लागि प्रतिकिलो वाट घण्टा रु.४।०० (चार रुपैया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि रु.७.०० (सात रुपैया मात्र) तोकिएको छ ।
ख. सम्झौता अनुसार व्यापारिक विद्युत उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) लाई आधार वर्ष मानी त्यसपछिको ९ वर्षसम्म आधार वर्षको ३ प्रतिशतका दरले मुल्य वृद्धि दिने व्यवस्था रहेको छ ।
ग. नेपाल विद्युत प्राधिकरणले यस आयोजनाबाट उत्पादित अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
घ. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले नामार्जुन मादी जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षायाममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैया मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ७।०० (सात रुपैया मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) लाई आधार वर्ष मानी त्यस पछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ पटक सम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

आर्थिक वर्ष	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गससम्म) (रु.प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD)	७।००	४।००
COD पछिको पहिलो आर्थिक वर्ष	७।२१	४।१२
COD पछिको दोश्रो आर्थिक वर्ष	७।४२	४।२४
COD पछिको तेश्रो आर्थिक वर्ष	७।६३	४।३६
COD पछिको चौथो आर्थिक वर्ष	७।८४	४।४८
COD पछिको पाँचौ आर्थिक वर्ष	८।०५	४।६०
COD पछिको छैठौंआर्थिक वर्ष	८।२६	४।७२
COD पछिको सातौं आर्थिक वर्ष	८।४७	४।८४
COD पछिको आठौं आर्थिक वर्ष	८।६८	४।९६
COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म	८।८९	५।०८

ङ. कम्पनीले विद्युतकेन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित कनेक्सन प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्थाएवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ । यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ :

हर्जाना रकम रु.= ०.०५ x कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुर गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मितिबीचको दिन अन्तरको अवधिको उर्जा x आधार वर्षको खरिद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरिद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्ने पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशतभन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) सिभिल, ईलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनियरिङ्ग, सम्बन्धी निर्माण कार्य गर्ने साथै प्राविधिक निर्माण कार्यहरु गर्ने साथै प्राविधिक सेवा उपलब्ध गराउने र विभिन्न ईन्जिनियरिङ्ग विषयमा परामर्श सेवा उपलब्ध गराउने कार्य गर्ने ।
(ख) नेपालभरका विभिन्न भागमा रहेका नदी,नाला, तालबाट नीजि क्षेत्रमा जलविद्युत आयोजनहरु निर्माण गरी जलविद्युत उत्पादन गर्ने ।
(ग) विद्युत उर्जाको आवश्यकता अनुसार नेपालमा जलविद्युत बाहेक सौर्य वायु श्रोतबाट पनि नीजि क्षेत्रमा विद्युत उर्जा उत्पादन गरी प्रशारण तथा बिक्री वितरण गर्ने ।
(घ) नेपाल विद्युत प्राधिकरणका विभिन्न आयोजनाहरु विद्युत उर्जा उत्पादक कम्पनीहरुबाट उत्पादित बिजुली लिजमा लिई सर्व सुलभ तरिकाबाट उचित शुल्क लिई सर्वसाधारण जनतालाई बिक्री वितरण गर्ने ।
(ङ) विद्युत सप्लाई एवं विद्युत शक्ति उत्पादनको लागि आवश्यक पर्ने सामानहरु आपुर्ती सम्बन्धी ठेक्का पट्टामा भाग लिने ।
(च) विद्युत शक्तिको थोक तथा खुद्रा खरिद बिक्री गर्ने ।
(छ) विद्युत शक्तिको लागि आवश्यक पर्ने सामानहरु विदेशबाट आयात गरी माग अनुसार बिक्री वितरण गर्ने साथै इलेक्ट्रीफिकेशन सम्बन्धी कार्य गर्ने ।
(ज) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ ठाउँहरुको अन्वेषण अध्ययन गरी प्रतिवेदन तयार पार्ने ।
(झ) जलविद्युत तथा अन्य उर्जा शक्ति उत्पादन ट्रान्समिसन सम्बन्धी सर्भे, निरिक्षण जस्ता कार्य गर्ने र आवश्यक ट्रान्समिसन तथा वितरण लाईन निर्माण गर्ने तथा सञ्चालन गर्ने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,०९,५०,००,०००/- (अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) को ८.२२% अर्थात रु.९,००,००,०००/- (अक्षरेपी नौ करोड मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु. १००/- दरको ९,००,००० कित्ता साधारण शेयर कास्की जिल्लाको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएकोमा रु.२,८१,७५,०००/- (अक्षरेपी दुई करोड एकासी लाख पचहत्तर हजार) बराबर २,८१,७५० कित्ता शेयर मात्र बाँडफाँट भई ६,१८,२५० कित्ता शेयर बाँकी रहेकोले सर्वसाधारणमा निष्काशन गरिने १३,५०,००० कित्ता शेयरमा उक्त ६,१८,२५० कित्ता शेयर थप गरी जम्मा १९,६८,२५० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गर्नेछ । कम्पनीबाट निर्माण भएको जलविद्युत आयोजनाको निर्माण कार्य गर्दाको बखतमा सिभिल, हाईड्रोमेकानिकल, ट्रान्समिसन लाईनसँग सम्बन्धित खर्चहरु भुक्तानी गर्न ग्लोबल आइएमई बैंक लिमिटेडबाट रु.१५ करोड बराबरको BG Loan लिइएको र यस सार्वजनिक निष्कासनबाट प्राप्त हुने रकमबाट उक्त बैंकबाट लिएको सो कर्जा रकम एवं आयोजानकोनिर्माण कार्यसँग सम्बन्धित अन्य बाँकि खर्च भुक्तानी गर्नु यस निष्काशनको उद्देश्य रहेको छ ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजीः कम्पनीको अधिकृत पूँजी रु.१,९८,००,००,०००/- (अक्षरेपी एक अर्ब अन्ठानब्बे करोड मात्र) रहेकोछ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्यरु.१००/- का दरले १,९८,००,००० (अक्षरेपी एक करोड अन्ठानब्बे लाख मात्र)थान साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजीः कम्पनीको जारी पूँजी रु.१,०९,५०,००,०००/- (अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले १,०९,५०,००० (अक्षरेपी एक करोड नौ लाख पचास हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजीः कम्पनीको आफ्नो जारी पूँजी मध्ये रु.८७,००,००,०००/- (अक्षरेपी सतासी करोड मात्र) बराबरको प्रति कित्ता अंकित मुल्य रु.१००/- दरको ८७,००,००० (अक्षरेपी सतासी लाख) थान शेयर कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी २२,५०,००० थान शेयर सार्वजनिक निष्कासनद्वारा आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणलाई जारी गर्नेछ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत रु.९,००,००,०००/- (अक्षरेपी नौ करोड मात्र) बराबरको शेयर निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.९६,००,००,०००/- (अक्षरेपी छ्यानब्बे करोड मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्याइएको रु.१३,५०,००,०००/- (अक्षरेपी तेह्र करोड पचास लाख मात्र) बराबरको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी रु.१,०९,५०,००,०००/- (अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

सि.नं.	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	८७,००,०००	८७,००,००,०००/-	७९.४५%	शतप्रतिशत
२.	आयोजना प्रभावित क्षेत्रका बासिन्दा	९,००,०००	९,००,००,०००/-	८.२२%	२.५७% (बिक्री नभएको ५.६५% शेयर सर्वसाधारणमा जारी गरिने)
३.	सर्वसाधारणहरु (कर्मचारी समेत)	१३,५०,०००	१३,५०,००,०००/-	१२.३३%	निष्काशन पश्चात्
	जम्मा	१,०९,५०,०००	१,०९,५०,००,०००/-	१००%	

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)	अनुभव (अन्य क्षेत्र)
१	खोम बहादुर के.सी. १०, पोखरा, कास्की	अध्यक्ष	७१	नेपाली	१२,७९,१७४	ईन्टरमेडिएट ईन फरेष्ट्री	पूर्व सञ्चालक मादी पावर प्रा.लि., हाल यस कम्पनीमा अध्यक्ष	- ए क्लास, खोम कट्ट्रक्सन एण्ड जेनरल फर्म प्रा.लि., अध्यक्ष, - द हिमालयन केवलकार प्रा.लि., अध्यक्ष
२	सुधिर यादव ९, सपही धनुषा	शेयरधनी	४५	नेपाली	२,४०,३०१	स्नातक	-	- खड्का ईन्जीनियरिङ प्रा.लि., सञ्चालक
३	श्रद्धा रेग्मी ४, विराटनगर, मोरङ	शेयरधनी	४३	नेपाली	१,१५,०००	वि.वि.एस.	-	- व्यापार/गृहिणी
४	देवराज खत्री ७ मानेभञ्ज्याङ, भोजपुर	शेयरधनी	४६	नेपाली	१,१५,०००	वि.वि.एस.	-	- व्यापार
५	मिलन के.सी. ५, पोखरा, कास्की	शेयरधनी	४३	नेपाली	२,००,०००	एम.ए.	-	- पोखरा मन्टेश्वरी किण्डर होम, सञ्चालक
६	मोनिका थापा १२, पोखरा, कास्की	शेयरधनी	४१	नेपाली	१,५५,०००	वि.वि.एस.	हाल यस कम्पनीमा सञ्चालक	- पोखरा मन्टेश्वरी किण्डर होम, सञ्चालक - द हिमालयन केवलकार प्रा.लि., सञ्चालक,
७	अभिशेक के.सी. १०, पोखरा, कास्की	शेयरधनी	३२	नेपाली	२,८३,७७०	आई.कम.	हाल यस कम्पनीमा प्रमुख कार्यकारी अधिकृत	- द हिमालयन केवलकार प्रा.लि., सञ्चालक - काम रेष्टुरेण्ट एण्ड वार प्रा.लि. संस्थापक - टंगाल उड यसोसेट, संस्थापक शेयरधनी
८	रामबहादुर (मोची) सार्की ७, करेन्डाँडा, कास्की	शेयरधनी	५३	नेपाली	१,३५,०००	एम.एड	-	- कास्की मोडनाईज एकेडेमी संस्थापक प्रधानाध्यापक
९	प्रा.डा. भरत बहादुर खत्री ५, पोखरा कास्की	शेयरधनी	५३	नेपाली	३,२५,०००	MS in Orthopedics 2003 & MBBS 1993, From Tongji Medical College, Huazhong University of Science and Technology, Wuhan, PR of China	-	- पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा बि.सं २०५४।४।१६ देखि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवाका स्थायी पद मेडिकल अधिकृत - कन्सल्टेण्ट अर्थोपेडिक सर्जन मिति २०७६।०४।१ देखि बरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन - मिति २०७५।०३।१० देखि Professor of orthopedics (प्राध्यापक)
१०	सानिमा बैंक लिमिटेड नक्साल, काठमाडौं	शेयरधनी	लागु नहुने		५,६६,९९९	लागु नहुने		

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)	अनुभव (अन्य क्षेत्र)
१	श्री खोम बहादुर के.सी. १०, पोखरा, कास्की	अध्यक्ष	७१	नेपाली	१२,७९,१७४	ईन्टरमेडिएट ईन फरेष्ट्री	पूर्व सञ्चालक मादी पावर प्रा.लि., हाल यस कम्पनीमा अध्यक्ष	- ए क्लास, खोम कट्ट्रक्सन एण्ड जेनरल फर्म प्रा.लि., अध्यक्ष, - द हिमालयन केवलकार प्रा.लि., अध्यक्ष
२	श्री शिव कृष्ण श्रेष्ठ ४, ठिमी भक्तपुर	सञ्चालक	५९	नेपाली	५५,०००	एम.पि.ए.	हाल यस कम्पनिमा सञ्चालक	- २०३७ साल देखि शिक्षण सेवारत - नौलो ज्योती मा.वि., प्रिन्सिपल - बालकुमारी बचत तथा ऋण सहकारी संस्थाः निवर्तमान अध्यक्ष तथा सञ्चालक - रासी इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., अध्यक्ष - सिवर्ड उच्च मा.वि., निवर्तमान अध्यक्ष
३	श्री मोनिका थापा, १२, पोखरा, कास्की	सञ्चालक	४१	नेपाली	१,५५,०००	वि.वि.एस.	हाल यस कम्पनिमा सञ्चालक	- पोखरा मन्टेश्वरी किण्डर होम, सञ्चालक - द हिमालयन केवलकार प्रा.लि., सञ्चालक
४	श्री सुकान्त अधिकारी १३, बिरगंज, पर्सा	सञ्चालक	४०	नेपाली	१९,६८४	एम.बि.ए.	हाल यस कम्पनिमा सञ्चालक	- मिति २०१३/०६/२७ देखि हालसम्म NCELL प्रा.लि., क्षेत्रिय सञ्चालन विज्ञ - एन आई सि एसिया बैंक लि. मा रिलेशनसिप म्यानेजरको रुपमा ५ वर्षको कार्य अनुभव - Nepal Diagnostic Center Pvt. Ltd., Birjung मा MD को रुपमा १.५ वर्षको कार्य अनुभव - लक्ष्मी बैंक लि. मा रिलेशनसिप म्यानेजरको रुपमा ३ वर्षको कार्य अनुभव

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	योग्यता	कार्यानुभव
१	अभिशेक के.सी.	प्रमुख कार्यकारी अधिकृत	आई.कम.	हिमालयन केवलकार प्रा.लि. का सञ्चालक, काम रेष्टुरेण्ट एण्ड वार प्रा.लि. का संस्थापक शेयरधनी र टंगाल उड एसोसिएटका संस्थापक शेयरधनी
२	कृष्णप्रसाद भण्डारी	कम्पनी सचिव	एल.एल.एम. (वाणिज्य कानुन)	अधिवक्ता, विगत २६ वर्ष देखि, नोटरी पब्लिक (३०१) मेलमिलापकर्ता (४५५), सेन्टूल फईनान्स लि. मा कानुनी सल्लाहकार
३	जयराम न्यौपाने	लेखा प्रमुख	एम.बि.एस.	वित्त, लेखा, शिक्षण सम्बन्धी विगत ९ वर्षदेखि कार्यरत
४	कृतिका श्रेष्ठ	लेखा अधिकृत	एम.बि.एस.	वित्त, लेखा, लेखापरीक्षणमा क्षेत्रमा आवद्ध

१०. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था रहेको छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
आयोजना प्रभावित क्षेत्रबाट निर्वाचित सञ्चालक	१ जना
सर्वसाधारणबाट निर्वाचित सञ्चालक	१ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एकसय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

नोटः आयोजना प्रभावित क्षेत्र र सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने सञ्चालक र स्वतन्त्र सञ्चालक नियुक्त हुन बाँकी रहेकोले हाल संगठित संस्थाको सञ्चालक संख्या ४ रहेको छ ।

११. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

१२. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत २०७८ चैत्र मसान्त
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	
सम्पत्ति				
दीर्घकालिन सम्पत्ति				
सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	१९,२१,८४६	२३,२२,०९८	२५,८२,६५०	२२,५८,९९१
लगानी	-	-	-	-
जम्मा दीर्घकालिन सम्पत्ति	१९,२१,८४६	२३,२२,०९८	२५,८२,६५०	२४,५८,९९१
चालु सम्पत्ति				
प्राप्त हुन बाँकी	-	-	-	४१,१९६
नगद तथा बैंक मौज्दात	२०,९३३	५,२४६	६३७	७४७
अन्य चालु सम्पत्ति	९५,०४३	७०,९६०	९०,५८६	१,१८,६४३
जम्मा चालु सम्पत्ति	१,१५,९७६	७६,२०६	९१,२२३	१,६०,५८६
जम्मा सम्पत्ति	२०,३७,८२२	२३,९८,३०४	२६,७३,८७३	२६,१९,५७७
पूँजी				
शेयर पूँजी	५,०४,७४३	६,७५,०००	८,७०,०००	८,७०,०००
पूँजीको निमित्त सापटी	१,७१,१७८	-	-	-
सँचित जगेडा तथा कोष/(घाटा)	(६७,५१४)	(७४,३९३)	(२,०५,९३७)	(२,७८,७४३)
				५,९१,२५७
जम्मा पूँजी	६,०८,४०७	६,००,६०७	६,६४,०६३	
दीर्घकालिन ऋण				
सुरक्षित आवधिक कर्जा	१,१२४,६११	१४,६०,०८७	१५,८२,०४९	१५,३६,५७१
जम्मा दीर्घकालिन ऋण	१,१२४,६११	१४,६०,०८७	१५,८२,०४९	१५,३६,५७१
चालु दायित्व तथा व्यवस्था				
अन्य बाँकी भुक्तानीहरु	८६,३१२	५,६२८	१,४०,५१८	१,७२,५८६
छोटो अवधिको सापटी	१,३३,४५०	२,२०,९०५	१,९६,८४८	२,२८,३७६
चालु दायित्वहरु	८५,०४२	१,११,०७७	९०,३९६	९०,७८७
अग्रिम करकट्टि दायित्व	-	-	-	-
जम्मा चालु दायित्व तथा व्यवस्था	३,०४,८०४	३,३७,६११	४,२७,७६१	४,९१,७४९
जम्मा पूँजी तथा दायित्व	२०,३७,८२२	२३,९८,३०४	२६,७३,८७३	२६,१९,५७७

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत २०७८ चैत्र मसान्त
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	
विद्युत बिक्रीबाट	-	-	-	३५,२९७
जोड : अन्य आम्दानी	११,०२,४०४	४,०१,१६०	-	१,६३,५३३
जम्मा आम्दानी	११,०२,४०४	४,०१,१६०	४,९५,४८८	१,९८,८३०
न्यूनः परियोजना खर्च	११,०२,४०४	४,०१,१६०	४,०५,०४०	१,००,४४०
कुल नाफा	-	-	९०,४४८	९८,३९०
न्यूनः				
सञ्चालन खर्चहरु				
कर्मचारी खर्च	१,९२१	१,७३४	९,२५७	११,४०५
अन्य खर्च	५,६२६	४,२३७	१,३९,०५४	७०,०९३
ह्रास खर्च	१,१७५	९०९	७३,६८१	-
प्रशासनीक खर्च	-	-	-	१४,४६९
आर्थिक खर्च	-	-	-	७५,२२७
जम्मा खर्च	८,७२२	६,८८०	२,२१,९९२	१,७१,१९४
कर अघिको नाफा/(नोक्सानी)	(८,७२२)	(६,८८०)	(१,३१,५४४)	(७२,८०६)
चालु आयकर	-	-	-	-
कर्मचारी बोनस व्यवस्था २%	-	-	-	-
खुद नाफा/(नोक्सानी)	(८,७२२)	(६,८८०)	(१,३१,५४४)	(७२,८०६)
आयकर व्यवस्था				
चालु वर्षको आयकर	-	-	-	-
अघिल्लो वर्षको मिलान	-	-	-	-
यस वर्षको नाफा/(नोक्सान)	-	-	-	-
यस वर्षको अन्तसम्मको सञ्चित नाफा/(नोक्सान)	(८,७२२)	(६,८८०)	(१,३१,५४४)	(७२,८०६)
अघिल्लो वर्षसम्मको नाफा/(नोक्सान)	(५८,७९२)	(६७,५१४)	(७४,३९३)	(२,०५,९३७)
वासलातमा सारिएको	(६,७५१४)	(७४,३९३)	(२,०५,९३७)	(२,७८,७४३)

आ.व. २०७८ चैत्र मसान्तसम्मको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरणहरु हुन् ।

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
सम्पत्ति			
दीर्घकालिन सम्पत्ति	२६,६२,८३५	२६,६२,८३५	२६,६२,८३५
सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	१,७८,०८४	२,७५,८३५	३,७३,४६८
न्युनः सञ्चित ह्रास	२४,८४,७५१	२३,८७,०००	२२,८९,३६७
कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	-	-	-
पूँजीगत कार्य प्रगति	-	-	-
जम्मा दीर्घकालिन सम्पत्ति	२४,८४,७५१	२३,८७,०००	२२,८९,३६७
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	२,४६२	१,२४३	७८,७३०
पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी	१९,२३१	४४,७९०	४७,०८८
जम्मा चालु सम्पत्ति	२१,६९३	४६,०३३	१२,५८,१८
जम्मा सम्पत्ति	२५,०६,४४४	२४,३३,०३३	२४,१५,१८५
पूँजी तथा दायित्व			
पूँजी			
शेयर पूँजी (शेयर पेश्कि समेत)	१०,९५,०००	१०,९५,०००	१०,९५,०००
सँचित जगेडा तथा कोष/(घाटा)	(१,६१,५५२)	(९४,५००)	(१३,६७७)
जम्मा पूँजी	९,३३,४४८	१०,००,५००	१०,८१,३२३
दीर्घकालिन ऋण			
सुरक्षित आवधिक कर्जा	१५,०४,९६०	१४,२७,२२०	१३,२८,४००
चालु पूँजी कर्जा			
जम्मा दीर्घकालिन ऋण	१५,०४,९६०	१४,२७,२२०	१३,२८,४००
चालु दायित्व तथा व्यवस्था			
छोटो अवधि सापटी	-	-	-
व्यवसायिक तथा अन्य दायित्व	६८,०३६	५,३१३	५,४६२
अग्रिम करकट्टी दायित्व	-	-	-
जम्मा चालु दायित्व तथा व्यवस्था	६८,०३६	५,३१३	५,४६२
जम्मा पूँजी तथा दायित्व	२५,०६,४४४	२४,३३,०३३	२४,१५,१८५

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
विद्युत बिक्री आम्दानी	१,१५,४२६	३,१४,६२८	३,२३,५३३
जम्मा	१,१५,४२६	३,१४,६२८	३,२३,५३३
सञ्चालन खर्चहरु			
सञ्चालन तथा मर्मत खर्च	७,०११	७,२२२	७,४३८
रोयल्टी खर्च	३,५०९	७,४९३	७,६७१
कर्मचारी तथा प्रशासनिक खर्च	१६,८१२	१७,६५३	१८,५३६
जम्मा	२७,३३२	३२,३६८	३३,६४५
सञ्चालन नाफा	८८,०९४	२,८२,२६०	२,८९,८८८
अन्य आम्दानी	१,८६,३१८		
जम्मा आम्दानी	२,७४४१२	२,८२,२६०	२,८९,८८८
बीमा शुल्क	६,६०९	६,७४१	६,७४१
ब्याज तथा ह्रास अघिको नाफा/(नोक्सानी)	२,६७८०३	२,७५,५१९	२,८३,१४७
ब्याज खर्च	१,१२,३७४	१,०७,२३५	१,०१,०८२
ह्रास खर्च	९७,८९९	९७,७५१	९७,६३३
आइपीओ खर्चहरु	१०,०००		
कमिसन खर्च	२,२५७	२,१४१	१,९९३
जम्मा	२,२२,५३०	२,०७,१२७	२,००,७०८
कर्मचारी बोनस तथा कर अघिको नाफा/(नोक्सानी)	४५,२७३	६८,३९२	८२,४३९
कर्मचारी बोनस व्यवस्था	८८८	१,३४१	१,६१६
कर अघिको नाफा/(नोक्सानी)	४४,३८५	६७,०५१	८०,८२३
आयकर व्यवस्था	-	-	-
कर पछिको नाफा/(नोक्सानी)	४४,३८५	६७,०५१	८०,८२३
जम्मा नाफा/(नोक्सानी)	४४,३८५	६७,०५१	८०,८२३
लाभांश व्यवस्था	-	-	-
बोनस	-	-	-
अघिल्लो वर्ष सम्मको नोक्सानी	(२,०५,९३७)	(१,६१,५५२)	(९४,५००)
वासलातको नाफा/(नोक्सानी)	(१,६१,५५२)	(९४,५००)	(१३,६७७)

वित्तीय प्रक्षेपणका आधार तथा तरिका

विवरण	प्रक्षेपित		
	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
कुल आयमा औषत वृद्धिदर	(३२.४३%)	१७२.५८%	२.८३%
कुल खर्चमा औषत वृद्धिदर ब्याज र ह्रास बाहेक	(३०.६६%)	(६.३६%)	(३.३८%)
संचालन खर्च तथा कुल आम्दानी अनुपात	१४.५७%	५.६१%	५.७३%
खुद मुनाफामा औषत वृद्धिदर	-	५१.०७%	२०.५४%
आयकर व्यवस्था (प्रतिशतमा)	-	-	-
प्रतिशेयर आम्दानी	४.०५	६.१२	७.३८
अन्य संचालन खर्चको वृद्धिदर (ब्याज/ह्रास)	६.०९%	(२.५१%)	(३.०६%)
Return on Equity (ROE)	५.००%	७.००%	७.००%
Return on Assets (ROA)	१.७९%	२.८१%	३.५३%

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत २०७८ चैत्र मसान्त	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८		आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
चुक्ता पूँजी	५,०४,७४३	६,७५,०००	८,७०,०००	८,७०,०००	१०,९५,०००	१०,९५,०००	१०,९५,०००
जगेडा तथा कोषहरु	(६७,५१४)	(७४,३९३)	(२,०५,९३७)	(२,७८,७४३)	(१,६१,५५२)	(९४,५००)	(१३,६७७)
कुल	४,३७,२२९	६,००,६०७	६,६४,०६३	५,९१,२५७	९,३३,४४८	१०,००,५००	१०,८१,३२३
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	४,३७,२२९	६,००,६०७	६,६४,०६३	५,९१,२५७	९,३३,४४८	१०,००,५००	१०,८१,३२३
शेयर संख्या (हजारमा)	५,०४७	६,७५०	८,७००	८,७००	१०,९५०	१०,९५०	१०,९५०
प्रति शेयर नेटवर्थ (रु.)	८६.६२	८८.९८	७६.३३	६७	८५.२५	९१.३७	९८.७५
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००

*आ.व. २०७८ को चैत मसान्तको व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : ८३.९८ प्रति शेयर
विगत ३ वर्षको ROE मा भएको औसत प्रतिफल : (८.००%)

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशनकर्ता कम्पनीले तयार गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री बि अर्याल एण्ड एसोसिएट चार्टड एकाउन्टेण्टसुका चार्टड एकाउन्टेण्ट श्री भोजन अर्यालले प्रमाणित गरेको छ ।

१३. सकारात्मक पक्षहरु :

(१) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफलता हासिल गरेको ।
(२) अध्यक्ष तथा प्रवर्धक जलविद्युत आयोजना क्षेत्रका रहेका हुँदा आयोजना निर्माण तथा स्थानिय लगानी परिचालनका सम्बन्धमा सकारात्मक पक्ष रहेको ।
(३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढङ्गले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** कम्पनीले निर्माण गरेको आयोजनाको लागि आवश्यक पर्ने रकमको लागि ग्लोबल आइएमई बैंक लि.बाट रु.१,६२,००,००,०००/- बराबरको कर्जा लिइएको र संस्थापक शेयरधनीहरुबाट चुक्ता भएको रु.८७,००,००,०००/- समेत आयोजना निर्माणमा खर्च भएको छ । साथै प्राथमिक शेयर निष्काशनबाट रु.२२,५०,००,०००/- थप हुने हुँदा कम्पनीमा वित्तीय साधनको अभावबाट हुने जोखिमको संभावना नरहेको । साथै कोभिड-१९ का कारण पुर्व उल्लेख गरेको समयमा निर्माण सम्पन्न गर्न नसकेको कारण सो अवधिको व्याज तथा थप लागत बढ्न गएको भएतापनि हाल आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ ।
(ख) **कच्चापदार्थको अभावबाट हुने जोखिम :** जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको । आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, आदि जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भै सकेको हुनाले कच्चा पदार्थहरुको अभावबाट कुनै पनि जोखिम नहुने ।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम :** यस जलविद्युत आयोजना पूर्ण रुपमा सम्पन्न भई मिति २०७७/०६/१२ गतेदेखि विद्युत उत्पादन शुरु भई आम्दानी प्राप्त हुन थालेकोले आयोजनाको कुल लागत नबढ्ने हुँदा सो जोखिम नभएको । तर मिति २०७८ जेष्ठ ३१ गते आएको बाढी जस्तो प्रकोपबाट आयोजनालाई सुरक्षित राख्न दावी बीमाबाट आउने रकमबाट नै संरचनाको निर्माण गर्नका लागि प्रयाप्त रकम उपलब्ध हुने देखिएको हुनाले थप वा अतिरिक्त रकमको आवश्यकता नरहने भएको हुँदा मूल्य अभिवृद्धि (cost overrun) को जोखिम नरहेको ।
(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमयको जोखिम नरहेको ।
(च) **कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी सकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको । यस कम्पनीले आयोजनाको पिपिए हुँदा सम्झौताकालिन कायम दरमा खरिद बिक्री गर्ने सम्झौता भएकोमा हाल कायम नयाँ बिक्री दर कायम गरी पाउँ भन्ने समेतको विषयमा सर्वोच्च अदालतमा उत्प्रेषणको निवेदन दर्ता गरिएको । सो निवेदन माग बमोजिम आदेश नभएमा पनि कम्पनीले पेश गरेको वित्तीय प्रक्षेपणमा कुनै नकारात्मक असर नपर्ने ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** हाल अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखिम नरहेको ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा यस्ता जोखिम रहने । कम्पनीले आयात गर्ने उपकरणहरु सम्पूर्ण आयात भई जडान भई सकेको हुँदा भन्सार तथा आयात गर्दा हुने जोखिम नरहेको ।
(झ) **सञ्चालन इतिहासको अभाव :** मिति २०६१/०८/२२ मा प्रा.लि. कम्पनीको रुपमा दर्ता भई मिति २०७४ बैशाख २८ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कार्य सञ्चालन गरिआएको छ । हाल यस कम्पनीको नामार्जुन मादी जलविद्युत आयोजना निर्माण सम्पन्न भई आय आर्जन गरिरहेको हुँदा सञ्चालनको लामो ईतिहास नरहेको ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** जलविद्युत आयोजना निर्माणको लागि आवश्यक सम्पूर्ण विद्युतीय उपकरणहरु (टवाईन, जेनेरेटर) आयात गरी जडान भई आय आर्जन प्राप्त गर्न थालिसकेको हुँदा प्रविधिको परिवर्तनबाट हुने जोखिम नरहेको ।
(ट) **अन्य :** • प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरुमा क्षति पुग्न गएमा • अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्ने भएतापनि यस आयोजनाको पानीको श्रोत हिमनदी रहेको हुँदा लगातार पानीको समानस्तर कायम रहने हुँदा सो आयोजना कम जोखिमयुक्त रहेको • देशको राजनैतिक परिघटनाबाट आउन सक्ने जोखिमहरु • कोरोना महामारी नियन्त्रणका लागि घोषणा गरिएको लकडाउन तथा महामारीको कारण सिर्जित परिस्थितिको कारण र मिति २०७८ जेष्ठ ३१ गते आयोजना क्षेत्र परिसरमा आएको बाढीको कारण आयोजनाको पावर हाउस र हेडवक्समा क्षति पुग्न गई आयोजनाको विद्युत उत्पादनमा अवरोध भई विद्युत उत्पादन बन्द रहेकोमा मिति २०७८ फागुन १६ बाट विद्युत पुनः उत्पादन भएको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । उर्जाका विभिन्न श्रोतहरु जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जल विद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न आयोजनाको निम्नानुसारका बीमा गरिएको छ । कम्पनीको सम्भावित नोक्सानी तथा सम्पत्ति बीमा देहाय बमोजिमको एनएलजी इस्सुरेन्स कम्पनी लिमिटेडमा तथा कर्मचारीको सम्बन्धमा नेको इन्स्योरेन्स लि.मा निम्न रकम बराबरको बिमा गरिएको छ :

बीमा कम्पनीको नाम	जोखिमको विवरण	बीमाङ्क रकम (रु.)	प्रिमियमको रकम (रु.)	बीमाको बैधता (Validity)
एन एल जी इस्सुरेन्स कम्पनी लिमिटेड	भवन परिसर (कम्पाउण्ड वाल सहित)	१,३२,४५,५०,०००/-	४०,०७,७६६.१६	२२/०३/२०२३
	हाइड्रोमेकानिकल	९,४७,२७,०००/-		
	इलेक्ट्रोमेकानिकल	३४,१९,२०,२५०/-		
	३३ के.भि. डवल सर्किट ट्रान्समिसन लाइन	१५,५९,२६,०००/-		
एन एल जी इस्सुरेन्स कम्पनी लिमिटेड	इलेक्ट्रोमेकानिकल	३४,१९,२०,२५०/-	३४,७७,३४८.९४	२२/०३/२०२३
एन एल जी इस्सुरेन्स कम्पनी लिमिटेड	Loss of Profit Insurance	३१,०९,९७,६४३.७७/-	१८,९७,७२७.६२	२२/०३/२०२३
नेको इन्स्योरेन्स लि.	कर्मचारी (समूह) इन्स्योरेन्स	४,५०,००,०००/-	७५,१८०.००	१२/०१/२०२३

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यूनमाग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० को अधिनमा रही शेयर बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
  १. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिनेछ ।
  २. बुँदा नं. (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ ।
  ३. बुँदा न. (२) बमोजिम शेयर बाँडफाँटको प्रक्रिया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाइ बाँडफाँट गरिनेछ ।
  ४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिनेछ ।
  ५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिका सम्बन्धमा बोर्डको सहमति लिइनेछ ।
  ६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ । साथै न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्यभूतिकर्ताहरु बीच भएको प्रत्याभूत सम्बन्धी सम्झौतापत्र अनुसार दामासाहीले बाँडफाँट गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।
(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :** निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र निजहरुको हितग्राही खातामा अभौतिक रुपमा जम्मा गर्ने व्यवस्था गरिनेछ र सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ को नियम २३ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।
(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।
(च) **धितोपत्र सूचिकरण भै नसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१६. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत् जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनु पर्नेछ ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछः
(क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम (ख) आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल (ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता (घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) (ङ) खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) (च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम (छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यवस्था गरिनेछ ।
१५. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१७. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.१०, बुद्धनगर, काठमाडौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेडको कार्यालय, नक्साल, काठमाडौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी दरखास्त दिनुपर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखस्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००० (एक हजार) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ । रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१८. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्कासनबाट प्राप्त हुने कूल रकम लाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :
निष्काशनबाट प्राप्त शेयर पूँजी रकम रु. २२,५०,००,०००/- बराबरको रकम तपसिल बमोजिमको विवरणमा प्रयोग गरिने छ ।

सि.नं.	रकम (रु.)	उपयोग गरिने योजना
१.	२,८१,७५,०००/- (स्थानीयबासीबाट प्राप्त भएको)	कम्पनीबाट निर्माण भएको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गर्नको लागि ग्लोबल आइएमई बैंक लि.सँग लिएको रु.१५ करोड BG Loan र आयोजनाको निर्माण कार्यसँग सम्बन्धित अन्य बाँकि खर्च भुक्तानी गर्न ।
२.	१९,६८,२५,०००/- (सर्वसाधारणबाट प्राप्त हुने)	

१९. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः	
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौं । वेभसाइट www.globalimecapital.com
२.	हिमालयन हाईड्रोपावर लिमिटेड, वडा नं. १०, बुद्धनगर, काठमाण्डौ । वेभसाइट Website: www.hhpl.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर । वेभसाइट www.sebon.gov.np

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :	
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट तथा सिडिएसएण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२०. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौं ।	GICL-BTI Himalayan Hydropower IPO	०१०१०१०००७८३७
२.	श्री माछापुच्छ्रे बैंक लि., लाजिम्पाट, काठमाण्डौं ।	GICL-BTI HIMALAYAN HYDROPOWER IPO	८३०१५२४३६२७२००१५
३.	श्री मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौ ।	GICL-BTI HIMALAYAN HYDROPOWER IPO	०१३१०२००१८७१८३००००५
४.	श्री गरिमा विकास बैंक लि., लाजिम्पाट, काठमाण्डौं ।	GICL-BTI Himalayan Hydropower IPO	०४०००१००८८४८२८००००१

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंक तथा राष्ट्रिस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२२. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपालधितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP-IR] B+ (pronounced ICRA NP Issuer Rating B Plus)" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] B+1" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (High risk of default regardibg timely servicing of financial obligations)भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले ICRANP-IR AAA देखि ICRANP-IR D सम्मको रेटिङ्ग प्रदानगर्दछ । जसमा रेटिङ्ग "ICRANP-IR AAA" ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने "ICRANP-IR D" ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ । यस कम्पनीलाई इस्युर रेटिङ्ग प्रदान गरेको मिति २०७८/१२/१७ (तदनुसार मार्च ३१, २०२२) र बहाल रहने अवधि २०७९/१२/१४ (तदनुसार मार्च २८, २०२३) रहेको छ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंका श्री नलिना श्रेष्ठ ०१-४५४५६४९ र निष्कासन कम्पनीका श्री जयराम न्यौपाने, ०१-४७९६६४१ मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-४५४५६४९/५०, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com